नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, पुस १२ गते २०४८ साल (अतिरिक्ताङ्क ५८

भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४८ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9206

पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरूका सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी अध्यादेश, २०४८" रहेकोछ ।

(२) यो अध्यादेश २०४८ साल कार्तिक २३ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "पुनरावेदन अदालतको न्यायाधीश" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ बमोजिम नियुक्त भएको पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सम्झनु पर्छ र सो शब्दले पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश समेतलाई जनाउंछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "जिल्ला अदालतको न्यायाधीश" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ बमोजिम नियुक्त भएको जिल्ला अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले जिल्ला अदालतको अतिरिक्त न्यायाधीश समेतलाई जनाउंछ ।

(ग) "न्यायाधीश" भन्नाले पुनरावेदन अदालत र जिल्ला अदालतको न्यायाधीश सम्झनु पर्छ ।

(घ) "परिवार" भन्नाले न्यायाधीश आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी वा धर्मपुत्र सम्झनु पर्छ र सो शब्दले न्यायाधीश आफैले पालन पोषण गर्नु पर्ने बाबु, आमा, सौतेनी आमा र नाबालक भाई वा अविवाहिता बहिनी समेतलाई जनाउंछ ।

३. <u>न्यायाधीशको पारिश्रमिक</u> : पुनरावेदन अदालतको मुख्य न्यायाधीशले रू. ४,७४०।- र पुनरावेदन अदालतको अन्य न्यायाधीशले रू. ४,४४०।- र जिल्ला अदालतको न्यायाधीशले रू.३,५००।- मासिक पारिश्रमिक पाउनेछन् ।

४. <u>दुर्गमस्थान भत्ता</u> : दुर्गम स्थानमा रहेको पुनरावेदन अदालत र जिल्ला अदालतमा कार्यरत न्यायाधीशले पारिश्रमिकको अतिरिक्त निजामती कर्मचारीहरूले पाए सरहको दुर्गमस्थान भत्ता समेत पाउनेछन् ।

५. <u>प्रशासकीय भत्ता</u> : जिल्ला अदालतको प्रशासकीय काम गर्ने एकजना न्यायाधीशलाई प्रशासकीय भत्ता वापत मासिक तीन सय रूपैया दिइनेछ ।

६. <u>आवास सुविधा</u> : (१) पुनरावेदन तथा जिल्ला अदालत रहेको ठाउंमा आफ्नो उपयुक्त घर नहुने न्यायाधीशलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9309

(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोवस्त हुन नसकी कुनै न्यायाधीश भाडाको घरमा बस्नु परेमा निजलाई मासिक पारिश्रमिकको बढीमा आधा रकम घर भाडा वापत दिइनेछ । यसरी भाडाको घरमा बस्दा लेखाको प्रयोजनको लागी बहाल सम्झौताको एक प्रति कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम उपलब्ध आवास सुविधा न्यायाधीशले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिन सम्म उपभोग गर्न पाउनेछ ।

७. <u>बिजुली, धारा र टेलिफोन सुविधा</u> : (१) न्यायाधीशको आवासमा एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी वापत लाग्ने रकम श्री ५ को सरकारले व्यहोर्ने छ । यसरी जडान भएको टेलिफोन श्री ५ को सरकारको स्वामित्वमा रहनेछ ।

(२) न्यायाधीशको आवासमा जडान गरिएको बिजुली, धारा र टेलिफोनको न्यूनतम महशूल श्री ५ को सरकारले व्यहोर्नेछ ।

८. <u>सवारी तथा इन्धन सुविधा</u> : (१) पुनरावेदन अदालत रहेको ठाउंमा मोटरको आवागमन हुने रहेछ भने सवारीको निमित्त पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई ड्राईभर सहितको मोटर एक र त्यस्तो मोटरको लागि मासिक अस्सी लिटर पेट्रोल र त्रैमासिक पांच लिटर मोबिल तथा पुनरावेदन अदालतका अरू तीनजना न्यायाधीशहरूलाई एउटाको हिसाबले ड्राईभर सहितको मोटर र त्यस्तो मोटरको लागि मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पांच लिटर मोबिल श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने पुनरावेदन अदालतको न्यायाधीशलाई ड्राईभरको निमित्त श्री ५ को सरकारको हल्का सवारी चालकको तलबमानको शुरू अङ्क बराबरको रकम र सवारीको निमित्त मासिक अस्सी लिटर सवारी इन्धन श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

आधिकारिकता सदर विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9290

(३) यस दफा बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भार श्री ५ को सरकारको तर्फबाट हुनेछ ।

९. सञ्चय कोष : न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टा भएको रकममा श्री ५ को सरकारले शत प्रतिशत थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ ।

१०. दैनिक तथा भ्रमण भत्ता : (१) न्यायाधीश आफू नियुक्त वा सरूवा भएको वा काज खटिएको स्थानमा जांदा वा आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्य भित्र भ्रमण गर्दा निजलाई देहाय बमोजिम दैनिक भत्ता दिईनेछ :-

(क) पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई आफ्नो एक दिनको पारिश्रमिकको आधा ।

(ख) पुनरावेदन अदालतको अन्य न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशलाई आफ्नो एक दिनको पारिश्रमिकको एक तिहाई ।

(२) न्यायाधीशले उपदफा (१) बमोजिम भ्रमण गर्दा निजलाई देहाय बमोजिम भ्रमण भत्ता दिईनेछ :-

(क) पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई पैदल भ्रमण गर्दा प्रतिकोश १०।- रूपैयां ।

(ख) पुनरावेदन अदालतको अन्य न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीशलाई पैदल भ्रमण गर्दा प्रतिकोश ६।- रूपैयां ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9299

(ग) हवाईजहाज, रेल, बस वा अन्य सवारी साधनबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(३) कुनै न्यायाधीश आफू पदस्थापन भएको अदालतबाट अर्को अदालतमा काजमा खटिएको पहिलो नब्बे दिन सम्मको लागि मात्र निजले उपदफा (१) बमोजिमको दरले दैनिक भत्ता पाउनेछ ।

११. <u>विदेशमा जांदाको दैनिक तथा भ्रमण भत्ता</u> : (१) कुनै समारोह, उत्सव, सम्मेलनमा भाग लिन नेपाल अधिराज्य बाहिर औपचारिक भ्रमण गर्दा न्यायाधीशलाई देहाय बमोजिम दैनिक भत्ता दिइनेछ :-

(क) पुनरावेदन अदालतको मुख्य न्यायाधीश --१०० यू.एस.डलर

(ख) पुनरावेदन अदालतको अन्य न्यायाधीश तथा जिल्ला अदालतको न्यायाधीश --८५ यू.एस.डलर

तर त्यसरी भारतमा भ्रमण गर्दा पच्चीस यू.एस. डलर बराबरको भारतीय मुद्रामा दैनिक भत्ता दिईनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपाल अधिराज्य बाहिर हवाईजहाजबाट भ्रमण गर्दा न्यायाधीशले इकोनोमी दर्जाको टिकट खर्च पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9212

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यसरी कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने न्यायाधीशको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघ संस्थाले व्यहोर्ने भएमा त्यस्तो न्यायाधीशले उपदफा (१) मा उल्लेखित दैनिक भत्ताको एक चौथाई रकम मात्र पकेट खर्च वापत पाउनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन नेपाल अधिराज्य बाहिर जाने न्यायाधीशले तीन वर्षमा एक पटक दुई हजार रूपैयां लुगा भत्ता वापत पाउनेछ । यसरी दिईने लुगा भत्ताको पचास प्रतिशत विदेशी मुद्रामा दिईनेछ ।

१२. <u>बीमा खर्च</u> : न्यायाधीशले पदीय कामको सिलसिलामा भ्रमण गर्दा दुई लाख रूपैयां बराबरको दुर्घटना बीमा गराउन सक्नेछ । सो वापत लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्ने छ ।

१३. <u>दैनिक तथा भ्रमण भत्ता सम्बन्धी अन्य सुविधाहरू</u> : (१) नयां नियुक्ति भई वा एक अदालतबाट अर्को अदालतमा सरूवा भई जांदा न्यायाधीशले आफ्नो परिवारलाई आफू तत्काल बहाल भएको ठाउंबाट आफ्नो घर फर्काउंदा वा आफू नियुक्त भएको वा सरूवा भएको ठाउंमा लग्दा एक पटक निजको परिवारका सदस्यलाई देहायका दरले दैनिक तथा भ्रमण भत्ता दिईने छ :-

(क) दश वर्ष वा सो भन्दा माथिका सदस्यलाई न्यायाधीशले पाए सरह ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9292

(ख) दश वर्ष मुनिका सदस्यलाई न्यायाधीशले पाउने भत्ताको आधा ।

(२) नयां नियुक्ति भई वा एक अदालतबाट अर्को अदालतमा सरूवा भई जांदा न्यायाधीशले रेल, बस वा हवाईजहाजबाट भ्रमण गर्दा चालीस किलो सम्म अतिरिक्त तौलको भाडा भरौट खर्च पाउनेछ ।

(३) कुनै पनि कारणबाट न्यायाधीश सेवाबाट अलग भई घर फर्कनु परेमा निज र निजको परिवारको सदस्यले यस अध्यादेशबमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछ र त्यस्तो भत्ताहरू निजको बहाल टुटेको अदालतबाट दिईनेछ ।

(४) न्यायाधीशको मृत्यु उपरान्त निजको परिवारको सदस्यले यस अध्यादेश बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता त्यस्तो मृत न्यायाधीश बहाल रहेको अदालतबाट लिन पाउनेछ ।

तर अदालतको सदर मुकाम बाहेक अन्यत्र बसेको परिवारका सदस्यलाई यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता दिईने छैन ।

(५) भैपरी आउने विदा र पर्व विदा बाहेक अन्य कुनै पनि विदा नलिई एकै अदालतमा तीन वर्ष बिताईसकेको न्यायाधीशले घर बिदामा आफ्नो घर जांदा र घरबाट फर्कदा यस अध्यादेश बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस उपदफा बमोजिम निजको परिवारका सदस्यलाई दैनिक भ्रमण भत्ता दिईने छैन ।

(६) सरूवा भई जाने न्यायाधीशले सरूवा भएको अदालतमा हिसाब बुझाउने गरी आफू बहाल रहेको अदालतबाट यस अध्यादेश बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको रकम पेश्की लिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9298

१४. दशैं खर्च : न्यायाधीशले एक महीनाको पारिश्रमिक बराबरको रकम दशैं खर्च बापत पाउनेछ ।

१५. विदा : (१) न्यायाधीशले देहायका विदाहरू पाउन सक्नेछ :-

(क) भे परी आउने विदा,

(ख) पर्व विदा,

(ग) घर विदा,

(घ) विरामी विदा,

(ङ) कृया विदा,

(च) विशेष विदा, र

(छ) प्रसूति विदा ।

(२) जिल्ला अदालतको न्यायाधीशले उपदफा (१) मा लेखिएको विदाको अतिरिक्त अध्ययन विदा समेत पाउन सक्नेछ ।

१६. भे परी आउने विदा र पर्व विदा : (१) न्यायाधीशले प्रत्येक वर्ष निजामती कर्मचारीले पाए सरहको पारिश्रमिक सहितको भे परी आउने विदा र पर्व विदा लिन सक्नेछ ।

(२) एक वर्षको भेपरी आउने विदा र पर्व विदा संचित गरी अर्को वर्ष लिन पाईने छैन ।

१७. घर विदा : (१) न्यायाधीशले प्रत्येक वर्ष तीस दिनमा नबढाई पारिश्रमिक सहितको घर विदा लिन पाउनेछ । घर विदा बढीमा एकसय पचास दिन सम्म सञ्चित गरी राख्न सकिनेछ ।

(२) जुनसुकै ब्यहोराले न्यायाधीश सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर विदा मध्ये बढीमा एक सय बीस दिनको घर बिदा वापत निजले पाई आएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9292

पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

तर एक सय बीस दिन भन्दा बढी बिदा सञ्चित हुने न्यायाधीशले सो बढी बिदा मध्ये प्रत्येक वर्षको चैत्र मसान्त सम्म सञ्चित रहेको घर बिदा मध्ये बढीमा तीस दिन सम्मको घर बिदा वापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्य सम्ममा एकमुष्ट लिन यस उपदफाले बन्देज लगाएको मानिने छैन ।

(३) सञ्चित घर बिदा वा सो वापतको रकम लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा न्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(४) न्यायाधीशले घर बिदामा घर जांदा र घरबाट फर्कदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले र मोटर, रेल वा हवाई जहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

१८. <u>विरामी विदा</u> : (१) न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको बाह्र दिन विरामी विदा पाउनेछ । विरामी विदा वर्ष भुक्तान नहुँदै पनि बढीमा बाह्र दिन सम्म लिन सकिनेछ ।

(२) पुनरावेदन अदालतको न्यायाधीशलाई कुनै ठूलो र कडा रोग लागि स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा निजको विरामी विदा वा घर विदा बांकी रहेनछ भने एक पटकमा दुई महीना सम्म पारिश्रमिक सहितको र चार महीनासम्म विना पारिश्रमिकको थप विरामी विदा पाउन सक्नेछ ।

तर,

(१) पारिश्रमिक सहितको थप विरामी विदा लिइएकोमा त्यस्तो थप विरामी विदा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजको पछि पाक्ने घर विदा र विरामी विदाबाट कट्टी हुनेछ ।

(२) सेवा अवधि भरमा जम्मा बाह्र महीना भन्दा बढी विना पारिश्रमिकको थप विरामी विदा पाउने छैन ।

(३) न्यायाधीशले पाउने विरामी विदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको सञ्चित रहेको विरामी विदा वापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(४) सात दिन भन्दा बढी अवधिको विरामी विदाको अनुरोध गर्ने जिल्ला अदालतको न्यायाधीशले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र पेश गर्न नपर्ने गर्न सक्नेछ ।

(५) कुनै ठूलो कडा रोग लागी उपचार गर्न विरामी विदा र घर विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी जिल्ला अदालतको न्यायाधीशले पछि पाउने विरामी विदा र घर विदाबाट कट्टा हुने गरी पैंतालीस दिन सम्म थप विरामी विदा पेश्कीको रूपमा त्यस्तो विरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की विदा लिएको जिल्ला अदालतको न्यायाधीशको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको विदा स्वतः मिनाहा हुनेछ ।

(६) उपदफा (५) बमोजिमको विदाले नपुग भई थप विदा लिनु परेमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी जिल्ला अदालतको न्यायाधीशले सेवा अवधि भरमा एक वर्षमा नबढ्ने गरी पारिश्रमिक सहितको थप विरामी विदा लिन सक्नेछ

आधिकारिकता मुद्रण विभाग बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) सञ्चित विरामी विदा वा सो बापतको रकम लिन नपाउँदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

१९. कृया विदा : न्यायाधीश आफै कृया वस्तु पर्दा कुल धर्म हेरी बढीमा पन्ध्र दिन सम्मको पारिश्रमिक सहितको कृया विदा पाउन सक्नेछ ।

२०. विशेष विदा : (१) न्यायाधीशले विशेष कारण देखाएमा प्रत्येक वर्ष बढीमा एक महीनामा नबढाई विशेष विदा पाउन सक्नेछ ।

(२) एक वर्षको विशेष विदा संचित गरी अर्को वर्षमा लिन पाउने छैन ।

(३) विशेष विदा लिई बसेको न्यायाधीशले सो अवधिको पारिश्रमिक पाउने छैन ।

२१. प्रसूती विदा : (१) महिला न्यायाधीशले प्रसूतीको अघिपछि गरी बढीमा साठी दिन पारिश्रमिक सहितको प्रसूती विदा लिन सक्नेछ ।

(२) प्रसूती विदा सेवाको तमाम अवधिभर दुई पटक मात्र लिन पाइने छ ।

(३) उपदफा (२) मा उल्लेख भए अनुसार लिएको प्रसूती विदाको अभिलेख न्यायाधीशको विदा स्वीकृत गर्ने अदालतले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

२२. अध्ययन विदा : न्याय सम्पादनको लागि उपयोगी र आवश्यक पर्ने विषयमा श्री ५ को सरकारको वा श्री ५ को सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा छानिई अध्ययन गर्न जाने जिल्ला अदालतको न्यायाधीशले पारिश्रमिक सहितको अध्ययन विदा पाउने छ ।

तर त्यस्तो विदा तीन वर्ष भन्दा बढी अवधिको हुने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. <u>विदा दिने अधिकारी</u> : (१) पुनरावेदन अदालतको मुख्य न्यायाधीशले भैपरि आउने विदा र पर्व विदा बाहेक अन्य विदाको स्वीकृति प्रधान न्यायाधीशबाट लिनु पर्नेछ ।

(२) पुनरावेदन अदालतको अन्य न्यायाधीशले भैपरी आउने विदा र पर्व विदा बाहेक अन्य विदाको स्वीकृति पुनरावेदन अदालतको मुख्य न्यायाधीशबाट लिनु पर्नेछ ।

(३) जिल्ला अदालतको न्यायाधीशले भैपरी आउने र पर्व विदा बाहेक अन्य विदाको स्वीकृति सम्बन्धित पुनरावेदन सुन्ने अदालतको मुख्य न्यायाधीशबाट लिनु पर्नेछ ।

(४) भैपरी आउने विदा र पर्व विदा न्यायाधीश आफैले लिन सक्नेछ ।

(५) यस दफा बमोजिम पुनरावेदन अदालतको मुख्य न्यायाधीशले कुनै न्यायाधीशलाई एक महीना भन्दा बढी अवधिको लागि विदाको स्वीकृति दिंदा प्रधान न्यायाधीशसंग परामर्श गर्नु पर्नेछ ।

२४. <u>अन्य सेवामा छंदाको सञ्चित विदा</u> : कुनै संवैधानिक पदमा वा श्री ५ को सरकारको सेवामा रहेको व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा निजले त्यस्तो पद वा सेवामा बहाल छंदा आर्जन गरेको सञ्चित घर विदा वा विरामी विदा निजले यसै अध्यादेश बमोजिम आर्जन गरी सञ्चित गरे सरह मानिनेछ ।

२५. <u>बहाली म्याद</u> : (१) न्यायाधीशको पदमा नियुक्त व्यक्तिले नियुक्ति भएको एक महीना भित्र आफ्नो पदको कार्यभार सम्हाल्नु पर्नेछ । निजले कार्यभार सम्हालेको मिति देखि मात्र पारिश्रमिक पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र कुनै न्यायाधीशले मनासिब कारण विना आफ्नो पदको कार्यभार नसम्हालेमा निजको पद रिक्त भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) एक अदालतबाट अर्को अदालतमा सरूवा हुने न्यायाधीशले तयारीको निमित्त बढीमा सात दिन सम्मको म्याद पाउनेछ ।

२६. कायम मुकायम र काजको व्यवस्था : (१) पुनरावेदन अदालतको मुख्य न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थताको वा अरू कुनै कारणले मुख्य न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा वा विदा बसेको वा नेपाल अधिराज्यबाट बाहिर गएको कारणले मुख्य न्यायाधीश अदालतमा उपस्थित नहुने अवस्था परेमा प्रधान न्यायाधीशले सोही पुनरावेदन अदालतको वरिष्ठतम न्यायाधीशलाई कायम मुकायम मुख्य न्यायाधीश भई काम गर्न तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुख्य न्यायाधीश भई काम गर्ने पुनरावेदन अदालतको न्यायाधीशले त्यसरी कायम मुकायम भएको अवधि भरको निमित्त मुख्य न्यायाधीशले पाए सरहको पारिश्रमिक पाउनेछ ।

(३) उपदफा (१) बमोजिम कायम मुकायमको व्यवस्था नभए सम्म सोही अदालतको वरिष्ठतम न्यायाधीशले निमित्त मुख्य न्यायाधीश भई काम गर्नेछ ।

(४) कुनै जिल्ला अदालतको न्यायाधीश पद कुनै कारणबश रिक्त भएमा वा कुनै जिल्ला अदालतको न्यायाधीश कुनै कारणले अदालतमा उपस्थित नहुने अवस्था परेमा प्रधान न्यायाधीशले त्यस्तो जिल्ला अदालतको वरिष्ठ अतिरिक्त न्यायाधीशलाई सो जिल्ला अदालतको न्यायाधीश भई काम गर्न तोक्न सक्नेछ । त्यस्तो जिल्ला अदालतमा अतिरिक्त न्यायाधीश नभएमा प्रधान न्यायाधीशले अर्को जिल्ला अदालतको अतिरिक्त न्यायाधीशलाई निश्चित अवधिको लागि उक्त जिल्ला अदालतको न्यायाधीश भई काम गर्न काज खटाउन सक्नेछ र त्यसरी काज खटाउंदा न्याय परिषदलाई त्यसको सूचना दिनु पर्नेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम जिल्ला अदालतको न्यायाधीश भई काम गर्ने न्यायाधीशले त्यसरी काम गरेको अवधिभरको लागि प्रशासकीय भत्ता पाउनेछ ।

२७. उपचार खर्च : (१) न्यायाधीश विरामी भई उपचार गराउँदा लागेको देहायको खर्च निजले उपचार खर्च वापत पाउने छ :-

(क) अस्पतालमा भर्ना हुंदा र उपचार गराउँदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम खरीद गरेको औषधी खर्च ।

तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ख) अस्पताल नभएको ठाउंमा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्बन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जांच गर्दा लिएको फी तथा जांच गरी लेखिदिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधी खर्च ।

तर चिकित्सकको प्रेसक्रिप्शनमा रोगको निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ ।

(ग) चीरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

9329
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चरमा, दांत, एयरफोन आदि उपकरणको लागि निजामती कर्मचारीले पाए सरहको खर्च ।

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउंदा न्यस्तो स्थान सम्म पुग्दाको र फर्कंदाको विरामीको र कुरूवा चाहिने अवस्था भए एकजना कुरूवा सम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च वापत निजले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटकमा दुईसय रूपैयां भन्दा घटी खर्च भएकोमा उपचार खर्च दिईने छैन र कूल सेवा अवधि भर न्यायाधीशले पाउने बाह्र महीनाको पारिश्रमिक भन्दा बढी रकमको उपचार खर्च दिईने छैन ।

तर पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई घाईते भएको न्यायाधीशको उपचार गर्न वा नेपाल अधिराज्य भित्र औषधी उपचार हुन नसक्ने भनी श्री ५ को सरकारव्दारा नियुक्त मेडिकल बोर्डले सिफारिश गरेको न्यायाधीशले विदेशमा गई उपचार गराउन चाहेमा उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(३) यस दफा बमोजिम पाउने उपचार खर्च न्यायाधीशले पेश्कीको रूपमा लिन चाहेमा कारण मुनासिव देखिए उपदफा (२) को अधीनमा रही पछि हिसाव बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाव गर्दा उपचार वापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम निजको पारिश्रमिकबाट किस्तावन्दीमा कट्टी गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

12222

तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुंदै न्यायाधीशको मृत्यु भएमा कट्टी गर्न बांकी रहेको रकम मिन्हा हुनेछ ।

(४) आफ्नो परिवारको कुनै सदस्य विरामी भएमा न्यायाधीशले उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बील बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ । यस उपदफा बमोजिम पाउने उपचार खर्च एक पटकमा न्यायाधीशको एक महीनाको पारिश्रमिक भन्दा बढी हुने छैन ।

(५) आफ्नो परिवारको कुनै सदस्य विरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेश मै अस्पतालमा भर्ना भई सल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम लागेको औषधी उपचार खर्चको नब्बे प्रतिशत रकम न्यायाधीशले उपदफा (२) बमोजिम पाउने रकम मध्येबाट पाउनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायाधीशको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थानको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।

(७) न्यायाधीशले सेवाबाट अलग हुंदा उपदफा (२) बमोजिम कूल सेवा अवधि भरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बांकी रहेको भए त्यस्तो बांकी भएजति रकमको दुई तिहाईको हिसाबले हुने एकमुष्ट रकम न्यायाधीशले लिन पाउनेछ ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका न्यायाधीशले त्यस्तो बांकी भए जति पुरे रकम र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनरावेदन अदालतको न्यायाधीशले पन्ध्र वर्ष तथा जिल्ला अदालतको न्यायाधीशले पच्चीस वर्ष सेवा अवधि पुरा गरेको रहेछ भने त्यसमा अर्को दश प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजहरूले त्यसरी सेवाबाट अलग हुंदा लिन पाउने छन् ।

(८) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारको सेवा गरे वापत उपचार खर्च लिई सकेको न्यायाधीशले अघि पाएको उपचार खर्च कट्टा गरी बांकी रकम मात्र पाउनेछ ।

(९) न्यायाधीशलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले पाई आएको डेढ महीनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी उपचार खर्च दिईने छैन :-

(क) यस दफा बमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेश मै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

(ख) उपदफा (५) बमोजिम परिवारलाई उपचार गराउंदा ।

(१०) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउंदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो उपचार खर्च दफा २९ को उपदफा (१) मा तोकिएको व्यक्तिले लिन पाउनेछ ।

(११) यस दफा बमोजिम न्यायाधीशले पाएको उपचार खर्चको विवरण न्यायाधीशको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ ।

२८. <u>निवृत्तभरण र उपदान</u> : (१) श्री ५ को सरकारको सेवा गरिसकेको व्यक्ति न्यायाधीशको पदमा नियुक्त भई अवकाश प्राप्त गरेमा निजले सरकारी सेवा र न्यायाधीशको पदमा गरी बीस वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेको रहेछ भने त्यस्तो न्यायाधीशले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२२४

अवकाश प्राप्त गरेपछि देहायको हिसाबले मासिक निवृत्तभरण पाउनेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{मासिक पारिश्रमिक}}{५०}$$

(२) उपदफा (१) बमोजिम बीस वर्षको सेवा अवधि पूरा नगरेको न्यायाधीशले अवकाश प्राप्त गरेमा निजले पूरा गरेको सेवा अवधिको जम्मा वर्षलाई निजको एक महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एकमुष्ट रकम निजले उपदान पाउनेछ ।

(३) श्री ५ को सरकारको सेवामा नरही सोझै पुनरावेदन अदालतको न्यायाधीशको पदमा नियुक्ति हुने न्यायाधीशले अवकाश प्राप्त गरेपछि देहाय बमोजिमको निवृत्तभरण वा उपदान पाउनेछ :-

(क) बाह्र वर्ष सेवा अवधि पूरा गरेको भए आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम मासिक निवृत्तभरण ।

(ख) बाह्र वर्ष भन्दा बढी सेवा अवधि पूरा गरेको भए खण्ड (क) बमोजिमको निवृत्तभरणमा त्यसरी बढी सेवा गरेको प्रत्येक वर्षको लागि निजको मासिक पारिश्रमिकको शून्य दशमलव पांच प्रतिशतले हुने रकम थप निवृत्तभरण ।

(ग) बाह्र वर्ष सेवा अवधि पूरा गरिसकेको नभए पूरा गरेको जम्मा सेवा अवधिलाई निजले पाई आएको एक महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने रकम बराबरको एकमुष्ट रकमको उपदान ।

(४) क्षेत्रीय अदालतको न्यायाधीश भैरहेको व्यक्ति पुनरावेदन अदालतको न्यायाधीशको पदमा नियुक्त भई अवकाश प्राप्त गरेमा निजले उपदफा (३) बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

निवृत्तभरण वा उपदान पाउनेछ । उपदफा (३) बमोजिम निजको सेवा अवधि गणना गर्ने प्रयोजनको लागि क्षेत्रीय अदालतको न्यायाधीशको पदमा गरेको सेवा अवधि समेत गणना गरिनेछ ।

(५) श्री ५ को सरकारको सेवामा रही क्षेत्रीय अदालतको न्यायाधीशको पदमा नियुक्ति भई सकेको व्यक्ति पुनरावेदन अदालतको न्यायाधीशको पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेमा निजले उपदफा (१) वा (३) बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ ।

स्पष्टीकरण

(१) त्यस्तो न्यायाधीशले उपदफा (१) बमोजिमको निवृत्तभरण रोजेमा निजको सेवा अवधि गणना गर्ने प्रयोजनको लागि निजले श्री ५ को सरकारको सेवाको पद र क्षेत्रीय अदालतको न्यायाधीशको पदमा गरेको सेवा अवधि समेत पुरै गणना गरिनेछ ।

(२) त्यस्तो न्यायाधीशले उपदफा (३) बमोजिमको निवृत्तभरण रोजेमा निजको सेवा अवधि गणना गर्ने प्रयोजनको लागि देहायको सेवा अवधि समेत गणना गरिनेछ :-

(क) क्षेत्रीय अदालतको न्यायाधीशको पदमा गरेको सेवा अवधि पुरै,

(ख) श्री ५ को सरकारको सेवामा गरेको सेवा अवधिलाई आधा गरी हुने अवधि ।

(६) कुनै प्रकारको सेवा गरे वापत उपदान पाईसकेको कुनै व्यक्ति न्यायाधीश पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्ति भएको एक वर्ष भित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२२४८

निजको त्यस्तो सेवा अवधि यस दफा बमोजिम जोडिनेछ ।

(७) न्यायाधीशको पारिश्रमिक बृद्धि हुंदा पारिश्रमिकको अंकमा जति प्रतिशतले बृद्धि भएको छ निवृत्तभरण पाई रहेको न्यायाधीशको पनि निजले पाई आएको निवृत्तभरणको अंकमा सोको छैसट्ठी प्रतिशतका दरले बृद्धि गरिनेछ ।

तर यसरी निवृत्तभरणको अंकमा वृद्धि गर्दा न्यायाधीशले पाउने पारिश्रमिकको आधा रकम भन्दा कम हुने भएमा आधा रकम हुने गरी निवृत्तभरणमा बृद्धि गरिनेछ ।

(८) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रकारको सेवा गरे वापत निवृत्तभरण पाईरहेको व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा निज सो पदमा बहाल रहे सम्मको अवधि भर निजले त्यस्तो निवृत्तभरण पाउने छैन ।

(९) क्षेत्रीय अदालतको न्यायाधीशको पदमा वा श्री ५ को सरकारको सेवा गरे वापत निवृत्तभरण पाईरहेको व्यक्ति न्यायाधीश पदमा नियुक्ति भई यस अध्यादेश बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाईरहेको निवृत्तभरण र यस अध्यादेश बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ । यस अध्यादेश बमोजिमको निवृत्तभरण रोजेमा निजले अघि गरेको सेवा अवधि उपदफा (५) बमोजिम गणना गरिनेछ ।

(१०) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा आफ्नो पदीय कर्तव्य पालन नगरेको कारणबाट हटाईएको न्यायाधीशले यस अध्यादेश बमोजिम निवृत्तभरण वा उपदान पाउने छैन ।

२९. <u>पारिवारिक निवृत्तभरण र उपदान</u> : (१) देहायको अवस्थामा देहायका अवधि सम्मको लागि न्यायाधीशले आफ्नो परिवारका सदस्यहरू मध्ये इच्छाएको व्यक्तिलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9320

र त्यस्तो इच्छाएको व्यक्तिको मृत्यु भएको वा न्यायाधीशले कसैलाई पनि नइच्छाएकोमा निजको परिवारका सदस्यहरू मध्ये नजिकको हकदारलाई दफा २८ बमोजिमको निवृत्तभरण दिईनेछ :-

(क) पदमा बहाल छदै न्यायाधीशको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्ष सम्म,

(ख) निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै निजको मृत्यु भएमा सो सात वर्ष नपुगेको बांकी अवधि सम्म ।

(२) न्यायाधीशको मृत्यु हुंदा निवृत्तभरण पाउने अवधि नपुगी उपदान सम्म पाउने रहेछ भने त्यस्तो उपदानको रकम निजको परिवारका सदस्यहरू मध्ये उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भईसकेपछि मृत न्यायाधीशको विधवा पत्नी वा विधुर पतिले जीवनभर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाईरहेको व्यक्तिले दोहोरो निवृत्तभरण पाउने छैन ।

३०. <u>असक्त वृत्ति</u> : (१) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा अङ्गभङ्ग भएको छ वा चोटपटक लागेकोछ र न्यायाधीश आफ्नो पदको काम गर्नको लागि अशक्त भएको छ भने त्यस्तो न्यायाधीशले बांचुन्जेलसम्म उपदफा (२) मा लेखिए बमोजिम निवृत्तभरणको अतिरिक्त उपदफा (३) मा लेखिए बमोजिमको अशक्त वृत्ति समेत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशको सेवाको अवधि निवृत्तभरण पाउने अवस्था पुगेको छ भने त्यस्तो न्यायाधीश पुनरावेदन अदालतको न्यायाधीश भए निजले दफा २८ को उपदफा (३) बमोजिम र जिल्ला अदालतको न्यायाधीश भए सोही दफाको उपदफा (१) बमोजिम हिसाब गरी हुन आउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम निवृत्तभरण पाउनेछ । त्यस्तो अशक्त भएको न्यायाधीशको सेवाको अवधि निवृत्तभरण पाउने अवधि पुगेको छैन भने त्यस्तो अवधि पु-याउन नपुग प्रत्येक पूरा वा चानचून वर्षको निमित्त दामासाहीबाट कट्टी गरी वांकी हुन आउने निवृत्तभरणको अङ्क पाउनेछ र त्यसरी कट्टी गर्दा पुनरावेदन अदालतको न्यायाधीशको बाह्र वर्ष र जिल्ला अदालतको न्यायाधीशको बीस वर्ष सेवा पूरा गरे वापत जति निवृत्तभरण पाउने हो त्यसको एक तिहाई भन्दा कम हुने गरी कट्टी गरिने छैन ।

(३) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशलाई चोटपटकको अवस्था हेरी आर्थिक सहायता वापत दश हजार रूपैयां सम्म एकमुष्ट रकम दिन सकिनेछ । यसरी आर्थिक सहायता नदिएको अवस्थामा उपदफा (२) बमोजिम अशक्त निवृत्तभरण पाउनेछ ।

(४) उपदफा (१) बमोजिम चोटपटक लाग्न गै॰ उपचार गराउंदा लाग्ने उपचार खर्चको शत प्रतिशत रकम त्यस्तो न्यायाधीशले पाउनेछ ।

(५) अशक्तता बापत उपदफा (२) बमोजिम पाउने निवृत्तभरणको अतिरिक्त पाउने थप मासिक अशक्त भत्ता देहायको अशक्तता बापत देहाय बमोजिम हुनेछ :-

अशक्तताको प्रतिशत	भत्ता प्रतिशत
१००	रू. १२५।-
९०	रू. ११२।५०
८०	रू. १००।-
७०	रू. ८७।५०
६०	रू. ७५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०	रू.	६२।५०
४०	रू.	५०।-
३०	रू.	३७।५०
२०	रू.	२५।-

स्पष्टीकरण :

(क) बीस प्रतिशत भन्दा कम्ती अशक्तलाई अशक्त भएको मानिने छैन ।

(ख) अशक्त बृत्ति पाउन थालेको न्यायाधीशले आफ्नो कार्यभार सम्हाल्न सक्षम भएमा यो दफा बमोजिमको अशक्त बृत्ति पाउने छैन ।

(६) अशक्त बृत्ति पाईरहेका कुनै न्यायाधीशको मृत्यु त्यस्तो अशक्त बृत्ति पाउन थालेको मितिले ७ वर्ष भित्र भएमा सो ७ वर्ष पूरा हुन बांकी अवधि वापत पाउने अशक्त बृत्ति उपदानको रूपमा एकमुष्ट रकम दफा २९ को उपदफा (१) मा तोकिएको व्यक्तिलाई दिईनेछ ।

३१. अङ्गभङ्ग भए बापत पाउने सुविधा : (१) कुनै न्यायाधीश पदीय कामको सिलसिलामा चोटपटक लाग्न गै सेवाबाट अवकाश लिनु पर्ने नभए तापनि सो चोटपटकको कारणबाट निजको क्षमता बृद्धिलाई बाधा पर्ने भएमा त्यस्तो न्यायाधीशलाई लागेको चोट पटकको अवस्थाको विचार गरी दश हजार रूपैयां सम्मको एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको चोट पटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त न्यायाधीशले कुनै पनि सञ्चित बिदाबाट बिदा कट्टा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9220

नहुने गरी पूरा तलब सहितको थप बिरामी विदा पाउनेछ ।

(३) उपदफा (२) बमोजिम उपचार गराउंदा लागेको उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो न्यायाधीशले पाउनेछ । यसरी उपचार गर्दा भएको खर्च दफा २७ बमोजिम निजले पाउन सक्ने उपचार खर्चबाट कट्टी हुने छैन ।

(४) कुनै न्यायाधीशले जानाजान आफ्नै गम्भीर लापरवाहीको कारण चोटपटक लगाई अङ्गभङ्ग भएकोमा यस अध्यादेश बमोजिमको सुविधा पाउने छैन ।

३२. असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान : (१) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी तत्काले मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुंदै पछि मृत्यु भएमा निजको विधवा पत्नी वा विधुर पतिलाई देहाय बमोजिमको छुट्टै आजीवन मासिक पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिईनेछ :-

	पारिवारिक वृत्तिको मासिक दर	पटके उपदान
(क) पुनरावेदन अदालतको न्यायाधीश	रू. २५०।-	रू. ८,७५०।-
(ख) जिल्ला अदालतको न्यायाधीश	रू. १९५।-	रू. ६,५००।-

(२) न्यायाधीशको विधुवा पत्नी वा विधुर पतिलाई देहायको अवस्थामा मात्र मान्यता दिईनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9239

(क) न्यायाधीशको मृत्यु हुन अघि न्यायाधीश संग बैवाहिक सम्बन्ध भईसकेको हुनु पर्दछ ।

(ख) न्यायाधीशको मृत्यु भएको समयमा निजसंग सगोलमा बसेको हुनु पर्दछ ।

(३) विधवा पत्नी नभएमा वा पतिको मृत्यु अघि निजबाट छुट्टीसकेको भएमा वा विधवा पत्नीको पुनर्बिवाह भईसकेकोमा विधवा पत्नीबाट जन्मेको सन्तती वा धर्मपुत्रलाई उपदफा (१) मा तोकिएको पटके उपदान दामासाहीले एकै मुष्ट दिन सकिनेछ ।

तर १६ वर्ष भन्दा कम उमेरका सन्तती वा धर्मपुत्र रहेछन् भने निजहरूको गुजाराको निमित्त श्री ५ को सरकारले मनासिव देखेको अवधि सम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कका दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति पनि प्रदान गर्न सक्नेछ ।

(४) मृत न्यायाधीशको विधवा पत्नी, सन्तति वा धर्मपुत्र रहेनछन् र त्यस्तो मृत न्यायाधीशको आश्रीत आमा बाबु दुवै वा दुई मध्ये एक रहेछन् भने निजहरूको गुजाराको निमित्त श्री ५ को सरकारले मनासिव देखेको अवधि सम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक बृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

(५) मृत महिला न्यायाधीशको विधुर पति वा सन्ततिको हकमा न्याय परिषद्को सिफारिशमा श्री ५ को सरकारले उचित र न्यायसंगत तरीकाबाट कारवाई गर्न सक्नेछ ।

(६) मृत न्यायाधीशको विधवा पत्नी, सन्तति, धर्मपुत्र वा आमा बाबु कुनै रहेनछन् र निज कर्मचारीको आश्रीत दाजु भाई वा अविवाहिता दिदी बहिनीहरू मध्ये कुनै रहेछन् भने निजहरूको गुजाराको निमित्त श्री ५ को सरकारले मनासिव देखेको अवधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्मको लागि दामासाहीले विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब ठहरिन आएको रकम पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

३३. <u>शैक्षिक भत्ता वा सन्तत्ति वृत्ति</u> : (१) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्ता मृत वा अशक्त न्यायाधीशको प्रत्येक सन्तत्तिलाई १८ वर्षको उमेर नपुगुन्जेल प्रत्येक सन्तत्तिलाई नौसय रूपैयांका दरले वार्षिक शैक्षिक भत्ता दिईनेछ ।

(२) पदीय कामको सिलसिलामा मृत्यु भएको न्यायाधीशको प्रत्येक सन्तत्तिलाई (आमा बाबु दुवै जीवित नहुने) उपदफा (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त मासिक पचहत्तर रूपैयांका दरले सन्तत्ति वृत्ति समेत दिईनेछ ।

(३) उपदफा (२) बमोजिमको वृत्ति सम्बन्धित सन्तत्तिले २१ वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडी हुन्छ सो मिति तक पाउनेछ ।

तर २१ वर्षको उमेर पूरा नहुंदै विवाह गर्ने सन्तत्तिको हकमा विवाह भएको मिति उप्रान्त त्यस्तो सन्तत्ति वृत्ति दिईने छैन ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सन्तत्ति" भन्नाले मृत वा अशक्त न्यायाधीशको छोरा तथा छोरी सम्झनु पर्छ ।

(४) कुनै न्यायाधीशको पदीय कामको सिलसिलामा मृत्यु भएमा वा निज आजीवन अशक्त भएमा निजले, निजको परिवार वा सन्तत्तिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा न्याय परिषद्ले श्री ५ को सरकार समक्ष सिफारिश गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. यस अध्यादेश बमोजिम पाउन बांकी रकम सम्बन्धमा : यस अध्यादेश बमोजिम पाउने कुनै रकम लिन नपाउंदै न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा २९ को उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

लालमोहर सदर मितिः– २०४८।९।१२।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिएपछि मात्र लागु हुनेछ।